परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०८ पृष्ठ ४ २०८१ माघ २३ गते, बुधबार 5-February, 2025 मूल्य रु. ५/-




हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## संघीयता प्रतिको नकारात्मक टिप्पणी चिर्नु आवश्यक : प्रदेश प्रमुख सुमित्रा भण्डारी



• टक नेपाल

मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मधेश प्रदेश सभाले प्रदेशको समृद्धि, विकास तथा सामाजिक विकृतिहरूको अन्त्य गर्नेका लागि नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताएकी छन् ।

मधेश प्रदेश सभाको सातौँ वार्षिकोत्सवको अवसरमा आयोजित विशेष समारोहको उद्धाटन गर्दै उनले मधेश प्रदेश र प्रदेश सरकारमा लाग्ने गरेका विभिन्न आरोप चिर्न प्रदेशमा आर्थिक अनुशासन कायम गर्न जरुरी रहेको बताइन् ।

प्रदेश प्रमुख भण्डारीले प्रदेशप्रति हुने गरेको नकारात्मक टिप्पणी चिर्दै सङ्घीयता तथा गणतन्त्रको संस्थागत विकास हुने किसिमको गतिविधि गर्न प्रदेश सरकार र प्रदेश सभाका सदस्यहरूसँग आग्रह गरिन् ।

मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेशमा सुशासन तथा जनतालाई विकासको अनुभूति गराउनका लागि प्रदेश सरकारले विभिन्न बाधा तथा व्यवधानका बीचमा काम गरिरहेको र यसको परिणाम चाडै देखिने बताए। सभापतिको आसनबाट मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीय शासन प्रणालीमा देश गएपछि मधेशको गाउँ गाउँमा विकासको लहर आएर गाउँहरू अहिले शहरमा परिणत हुन थालेको बताए ।

शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले शिक्षामा लगानी नबढाएसम्म प्रदेशको समृद्धि र विकास कठिन हुने भएकाले सबै तहका सरकारलाई शिक्षामा लगानी बढाउन आग्रह गरिन् ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले मधेश प्रदेश सभाले प्रदेशमा विकास तथा सुशासन अगाडी बढाउनका लागि नेतृत्व दायी भूमिका खेल्न आवश्यक भएको बताए ।

नेपाली काँग्रेसका नेता रामसरोज यादवले मधेश प्रदेशलाई अगाडी बढाउनका लागि प्रहरी तथा निजामती कर्मचारीको समायोजन शीघ्र रुपमा हुनुपर्ने धारणा राखे । सातौँ वार्षिकोत्सव कार्यक्रममा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साह, नेकपा एकीकृत समाजवादी पार्टीका रत्नेश्वर लाल गोईत, नागरिक उन्मुक्ति पार्टीका उर्मिला देवी सिंह, जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले शुभकामना दिएका थिए ।

यस वर्षको सर्वोत्कृष्ट प्रदेश सभा सदस्यको रुपमा जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादव र सर्वोत्कृष्ट कर्मचारीको रुपमा रेडियो नेपालबाट प्रदेश सभाको स्थापनादेखि नै खटाइएका प्राविधिक अधिकृत ईन्द्र कुमार बहरखेल घोषणा गरिएको छ ।

उनीहरूलाई प्रदेश प्रमुख भण्डारीले धसम्मानपत्र तथा नगदसहित सम्मान गरिन् ।

## माओवादीका मधेशसहितका प्रदेश इन्चार्ज फेरिए, मात्रिका र हितमानलाई जिम्मा



• टक नेपाल

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले पार्टीका दुई प्रदेश इन्चार्ज हेरफेर गरेको छ ।

माओवादीको सोमबार बसेको पदाधिकारी बैठकले मधेशमा उपमहासचिव मात्रिकाप्रसाद यादवलाई जिम्मेवारी दिएको छ। त्यहाँ यसअघि सचिव लिलामिण पोखरेल इन्चार्ज थिए ।

त्यस्तै बागमती प्रदेशमा इन्चार्जको जिम्मेवारी सचिव हितमान शाक्यलाई दिएको छ। यसअघि उपाध्यक्ष अग्निप्रसाद सापकोटा यो प्रदेशको इन्चार्ज थिए ।

अन्य प्रदेशमा भने प्रदेश इन्चर्जाहरू यथावत नै रहेका छन् । कोशीमा हरिबोल गजुरेल, गण्डकीमा दिनानाथ शर्मा, लुम्बिनीमा चक्रपानी खनाल, कर्णालीमा कालीबहादुर मल्ल र सुदूरपरिश्चममा गिरिराजमणि पोखरेल इन्चार्ज रहेका छन् ।

त्यस्तै विशेष प्रदेश इन्चार्जमा जयपुरी घर्ती, सम्पर्क समन्वय विशेषमा लिलामिण पोखरेल, प्रवास यूरोप-अमेरिका इन्चार्जमा राम कार्की र प्रवास एसियामा ओम शर्मा चयन गरिएको छ ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### कलाकारप्रतिको सम्मान

कलाकार भनेको देशका गहना हुन् भनिन्छ र कलाकारको सम्मान पनि गरिन्छ । तर नेपालको सवालमा भने कलाकारहरुले उचित सम्मान पाएको देखिदैन ।त्यसो त नेपालमा कलाकार पनि अनेक छन् । दर्शकका लागि भन्दा पनि आफ्नो लागि र कथित भाइरलको बाहनामा वा नाउँमा कलाकार हुने होड पनि नेपाली कलाकारिता क्षेत्रमा ब्याप्त छ तर यो विकृति हो यद्यपि नेपालमा कलाकारले नाम र देशकै गरिमा पनि राखेका छन् । एकाध घटनाका कारण र कोही अमूर्त व्यक्तिलाई हेरेर भन्दा पनि राम्रो स्तरीय गीत गाउनेहरु नै दर्शकका प्रिय गायक हुन् ।

यस्तैमा पर्ने कलाकार, गायक रामकृष्ण ढकाल पक्कै हुनुहुन्छ । उहाँको गीत मन नपराउनेहरु कमै नेपाली छन् । ढकालले गाएको गीत मन नपराउने नेपालीहरु कमै छन् । सबै प्रकारका गीत सबैलाई मन पर्छ भन्ने छैन तर हरेक उमेर समूहका लागि मन पर्ने गीत ढकालले गाउनुभएको छ र त उहाँ दर्शकामाझमा लोकप्रिय पनि हुनुहुन्छ ।बाराको निजगढमा हाल जारी महोत्सवमा आफ्नो प्रस्तुति दिन आउनुभएका ढकाललाई स्थानीयले माया र सम्मानले गायन सम्राटको उपाधि दिएका छन् ।

वास्तवमा यसले पाउने बैद्यानिक कुराको त फरक व्याख्या होला तर जनस्तरबाट सम्मान हुनु राम्रो कुरा हो र यो कुरा स्वयम् गायकले पनि मनन् गर्नु भएको छ । उहाँले निजगढबासीलाई संझनु पनि भएको छ र आभार पनि दिनुभएको छ । यो भनेको कलाकार र दर्शकप्रतिको सद्भाव र माया पनि हो । कलाकार पनि दर्शक र देश तथा समाजप्रति जिम्मेवार बन्नुपर्दछ र दर्शकले पनि कलाकारको सम्मान गर्न जान्नुपर्दछ भन्ने कुराको संदेश यो कुराले दिएको चैं छ ।

# किसानमा छाएन श्रमिक पर्वको उमङ्ग

● गोपालप्रसाद बराल



यसपाली यहाँका किसानलाई वसन्त उत्सवको उमङ्ग छाएको छैन । प्राचीन मिथिलाञ्चलसहित मधेसमा वसन्तपञ्चमीका दिन वर्षभरि कृषि कार्य गर्नेले श्रमिक पुज्ने परम्परा रहेको छ । यस वर्ष यहाँका किसानले आगामी वर्षका लागि वरपर श्रमिक नपाएपछि यो पर्व मनाउन पाएनन् । किसानका लागि पर्वको सबैभन्दा महत्वपूर्ण पक्ष मानिने श्रमिक पूजन गर्न नपाएपछि यहाँका किसान निराश भएका छन् ।

'पैछला कतेक दिन स जनके खोजी करैत आयल छी, मुदा अहुबेर अई सालक वसन्तपञ्चमीमें पुजवाला जन नई भेटल' (कति दिनदेखि श्रमिक खोजेँ, तर यसपटक वसन्तपञ्चमीमा पुज्न श्रमिक भेटिएनन्) भङ्गाहा-५ भूचक्रपुरका किसान दीपनारायण चौधरी थारुले भन्नुभयो, "आब बुझायल जे खेतीपातीके काज नइ कर सकब" (अब बुझ्दैछु, खेतीपातीका काम गर्न सकिन्न) ।"

बर्दिबास-७ का ७५ वर्षीय रामउदगार महतोले पनि श्रमिक पुज्न नपाएपछि कृषिउपज प्रशस्त उत्पादन नहुने हो कि भन्ने चिन्ता व्यक्त गर्नुभयो । पछिल्लो १० वर्षयता नियमित रूपले श्रमिक पुज्न नपाउँदा वसन्तपञ्चमी पर्व आएको महसुस हुन छोडेको उहाँले बताउनुभयो ।

"बस्ती वरपर कोही जन (श्रमिक) पाइन्छन् कि भनेर खोजी गरियो, तर भेटिएनन्", महतोले उदास हुँदै भन्नुभयो, "किसानका लागि पर्वको रौनक नै हरायो ।" मिथिलामा किसानका लागि मुख्य उत्सवको पाटो श्रमिक पूजन हुने हुँदा त्यो अवसर नपाएपछि पर्व निराश बनेको किसान बताउँछन् ।

मधेसको प्राचीन मिथिला क्षेत्रमा आउने वर्षभरिको कृषि कार्य (हलो/कोदालो चलाउने, गाईभैँसी चराउने, घाँसपात गर्नेसहितका काम) का लागि वसन्तपञ्चमीका दिन श्रमिकको टुङ्गो गर्ने चलन छ । यसरी टुङ्गो लगाएपछि ती श्रमिकलाई घरमा बोलाएर मिष्ठान्न परिकार खुवाउने, वस्त्र, दक्षिणालगायत सामग्री दिने चलन रहेको महतोले जानकारी दिनुभयो ।

"यस चलनलाई 'जन पुज्ने' भनिन्छ । तर गाउँ, बस्तीमा कृषि श्रमिक पाउने छाडेपछि यहाँ यो पर्वको परम्परा हराउँदै गएको छ", उहाँले भन्नुभयो ।

माघ शुक्ल पञ्चमीका दिन यो पर्व मनाइन्छ । यस दिन टुङ्गो लगाइएका श्रमिकका साथमा कैयौं परिकार बनाएर खाइने मैथिल परम्परा रहेकामा पछिल्लो समय लोप हुँदै गएको भङ्गाहा-४ का किसान हरिदेव साहले बताउनुभयो । "आफ्नो बस्तीमात्र नभएर छिमेकका गाउँटोलमा पनि कोही भेटिएनन्", उहाँले भन्नुभयो, "जन नपाएर पुज्ने विधिसम्म पनि गर्न नपाएपछि हामीलाई पर्वको उल्लास आएन ।"

श्रीपञ्चमी पर्व किसानका लागि एक वर्षसम्म काम गर्ने श्रमिकको वरण गर्ने मिथिला क्षेत्रको महत्वपूर्ण पर्व हो । श्रमिकलाई खुसी पार्न नयाँ लुगा, मिष्ठान्न परिकार का खाना र दक्षिणा दिएर किसानले पर्व मनाउने गर्दछन् । पर्वको मुख्य पाटो श्रमिक नपाएपछि किसान निराश भएका हुन् । गाउँबस्तीका कृषि कार्यको जनशक्ति कमाउन भारतको हरियाणा, पञ्जाव गएपछि यहाँ जनको अभाव भएको महतोले बताउनुभयो ।

मधेसमा मुसहर, बाँतर जाति समुदाय कृषिका लागि दक्ष मानिन्छन् । यी समुदायले कृषि उत्पादनका लागि मजदुरी गरेर प्राप्त पारिश्रमिकबाट जीविकोपार्जन गर्दै आएकामा पछिल्लो समय रोजगारीका लागि भारतसहित अन्य मुलुक जान थालेपछि टोलबस्तीमा वृद्धवृद्धा, महिला र ससाना बालबालिकाहरू मात्र देखिन्छन् ।

मुसहर, बाँतर समुदायका युवा कमाउन भारतसहित अन्यत्र गएपछि यहाँ कृषि जनशक्तिको अभाव भएको औरही-७ का श्यामसुन्दर यादवले बताउनुभयो । खोज्दा जन नपाएपछि आफूले पछिल्ला दुई/तीन वर्षदेखि यो पर्व मनाउन छोडेको उहाँको भनाइ छ ।

पर्वमा श्रमिक पुज्न नपाएपछि किसानलाई खेती गर्न नसकिने चिन्ताले पिरोलेको छ । किसानका छोराछोरी लेखपढ गर्ने र विदेश जाने मनसुवा राख्छन् । किसानकै घरको नयाँ पुस्ता पनि खेतीमा लाग्ने सोचमा देखिदैँनन् । "घरका छोरा हामी लेखपढ भएका हलो जोतेर बस्दैनौं भनेर कोही जागिरमा कोही सात समुद्र पारी विदेश उडे, यहाँ काम गर्ने जन पाइन छाडियो", रामगोपालपुर-२ का गणेशप्रसाद यादवले भन्नुभयो, "जनशक्ति नभएपछि अब खेती गरेर खाउँला भन्ने आशा नै हरायो ।" पछिल्लो एक दशकयता गाउँ, बस्तीबाट कामकाजी उमेरका युवा रोजगारीका लागि विदेश जान थालेपछि खेतीपातीको काम प्रभावित हुँदै आएको किसानको भनाइ छ ।

कृषि कार्य गर्ने श्रमिक नपाइएपछि बिघौंबिघा खेतबारी बाँझै बस्न थालेका भङ्गाहा-३ की रमराजी यादवले बताउनुभयो । "यस पर्वमा कृषि श्रमिकसँगै कृषि ज्यावल बनाउने, मर्मत गर्ने लोहार (हँसिया, कचिया बनाउने, उध्याउने, हलो, कोदालो फाली पिट्ने कामका खास जाति समुदाय) पनि वर्षभरिलाई पुज्ने चलन छ । यो समुदायका युवा पनि विदेश जान थालेपछि किसानले यसपटक लोहार पनि छान्न पाएनन्", उहाँले भन्नुभयो ।

मिथिलामा श्रीपञ्चमी पर्वमा किसानले कृषि ज्यावललाई धोइ पखाली पूजा पनि गर्दछन् । यसरी पूजा गरिएका ज्यावल टिकाउ हुने मैथिल जनविश्वास छ । यसै दिन खेतबारीमा हलगोरु नारेर केही फन्का घुमाउने चलन छ । यसैगरी भर्खरका बहर (जोत्ने उमेर पुगेका गोरु) लाई जोत्ने कार्यका लागि सधाउन नार्ने चलन छ । पछिल्लो समय जनशक्ति नभएपछि यी कुनै काम हुने, चल्ने अवस्था हराएको रामराजीको भनाइ छ ।

कामका लागि भारत र अन्य खाडीमुलुक जाने जनशक्ति यहाँ रोक्न नसक्ने हो भने अब खेतीपाती धान्ने अवस्था हराउँदै जाने यहाँ चिन्ता देखिन्छ । कृषि कामका पोख्त मानिने मुसहर, बाँतर समुदायका पाका अभिभावक यहाँको पारिश्रमिकले परिवार धान्न नसके पछि आफ्ना छोराहरू भारत जानु परेको बताउँछन् । अपेक्षित उत्पादन नहुने र उत्पादित फसलले उचित मूल्य नपाएपछि किसान अन्यत्र जान थालेका हुन् ।

"बजार मँहगो हुँदै गएको छ । यहाँको मजदुरीबाट आएको आम्दानीले जीविकोपार्जन हुन छाडेपछि युवा विदेश पलायन हुन थालेका हुन्", बर्दिबास-९ का किसान महेन्द्र महतोले भन्नुभयो । यस्ता मौलिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्न स्थानीय सरकारले रोजगारीका अवसर सृजना गरी युवालाई स्वदेशमा काम गर्ने वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

-रासस

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)

हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स–रे, डिजिटल एक्स–रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

HOTEL NAVYA Pvt. Ltd.
ISO 9001:2015 CERTIFIED
HOTEL NAVYA PVT. LTD.
Bardibas – 4, Mahottari, Nepal | Tel.: +977 – 9854034761 / 044-550761

AMENITIES
WIFI
FREE PARKING
ELECTRIC MASSAGE
GYM
SPANISH BAR
CONFERENCE HALL
BUSINESS CENTER
WEDDING HALL
BANQUET
CHILDREN FRIENDLY
ASHOK VATIKA
HOSPITALITY SERVICES
OUTDOOR COURTYARD TO READ, WORK AND RELAX

# निर्णायक जसपा नेपाल : अध्यादेशबारे आन्तरिक छलफलमा उपेन्द्र यादव



● टक नेपाल

जनता समाजवादी पार्टी नेपाल अहिले सरकारले ल्याएका विभिन्न ६ वटा अध्यादेश बारे आन्तरिक छलफलमा जुटेको छ।

जसपा नेपालका सांसद मृगेन्द्र कुमार सिंह यादवले भने, 'अध्यादेश स्वीकृत वा अस्वीकृतको विषयमा हामी निर्णयमा पुगेका छैनौं ।' यही माघ २४ गते प्रतिनिधि सभा र राष्ट्रिय सभा दुबैमा अध्यादेश निर्णयार्थ प्रस्तुत हुनेछ। सांसद मृगेन्द्र सिंहले अध्यादेश निर्णयार्थ प्रस्तुत हुँदा अध्यादेश स्वीकृत गर्ने पक्षमा मत दिने कि अस्वीकृत गर्ने पक्षमा मत दिने भन्नेमा निर्णय लिन पार्टी आन्तरिक छलफलमा जुटेको बताए।

उनले भने, 'तीन दिन देखि पार्टीको कार्याकारिणी समितिको बैठक चलिरहेको छ । संसदीय दलको बैठकले पनि निर्णय गर्न सक्छन् । त्यसपछि अध्यादेशमा हाम्रो पोजिसन के हुने निर्क्योल हुन्छ' सिंहले भने। मन्त्रिपरिषद्को सिफारिसमा गत पुस १४ गते राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१ जारी गरेका थिए।

पुस २९ गते थप चार वटा अध्यादेश जारी भएको थियो । माघ २ गते अर्को एउटा अध्यादेश जारी गरेको थियो। ६ वटै अध्यादेश गत शुक्रबार दुवै सदनमा प्रस्तुत भएको छ। अध्यादेशलाई संघीय संसदको दुवै सदनले स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। सरकारले यही माघ २४ गते अध्यादेश लाई दुवै सदनमा निर्णयार्थ प्रस्तुत गर्ने तयारी गरेको छ।

विपक्षी दलहरूले भने अध्यादेश अस्वीकृत गर्नका लागि विरोधको सूचना दर्ता गरेका छन्। प्रतिनिधि सभामा ५० वटा र राष्ट्रिय सभामा १६ वटा अस्वीकृतको सूचना दर्ता भएको छ । प्रतिनिधि सभामा सरकारको प्रष्ट बहुमत छ । तर, राष्ट्रिय सभामा जसपा नेपालको पार्टीका तीन जना सांसदले जता मत दिन्छन् उतै बहुमत पुग्छ। जसपा सरकारमा छैन। तर, विपक्षी मोर्चामा पनि खुलेको छैन। यसकारण जसपा नेपाल अध्यादेश स्वीकृत गर्ने वा अस्वीकृत गर्ने भन्नेमा राष्ट्रिय सभामा निर्णायक रहेको छ।

प्रतिनिधिसभामा सरकारको पक्षमा नेपाली कांग्रेस (८८), नेकपा एमाले (७९), जनता समाजवादी पार्टी (७), जनमत पार्टी (६), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (४) र नागरिक उन्मुक्ति पार्टी (४) गरेर १८८ सांसद छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा सो दुई तिहाइ बहुमत रहेको छ। तर, राष्ट्रिय सभामा सरकारसँग भने बहुमत पुगेको छैन । ५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेस (१६), नेकपा एमाले (१०) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (१) गरेर २७ जना सांसद छन्।

जुन बहुमत होइन। मनोनीत सांसद डा. अन्जान शाक्य नेकपा एमाले समर्थित हुन्। उनलाई समेत जोड्दा सत्तापक्षको सांसद संख्या २८ पुग्छ। त्यस्तै राष्ट्रिय सभामा रहेका विपक्षी दलहरूको संख्या पनि सत्तारुढ दलकै हाराहारीमा छ।

नेकपा माओवादी केन्द्र (१७), नेकपा एकीकृत समाजवादी (८) र राष्ट्रिय जनमोर्चा (१) गरेर २६ जना सांसद विपक्षी मोर्चामा रहेका छन् । जनता समाजवादी पार्टी नेपाल सरकारमा छैन।

तर जसपा नेपालका तीन जना सांसद कतै खुलेका छैनन्। यदि जसपा नेपालका तीन जना सांसद अध्यादेश अस्वीकृत गर्ने पक्षमा खुले भने विपक्षमा रहेका सांसदको संख्या २९ पुग्छ।

जसपा नेपालका तीन जना सांसदले साथ दिए सत्ता पक्षको संख्या ३० पुग्छ। सो ५९ सदस्यीय सभामा प्रष्ट बहुमत छ। तीन जना मनोनित सांसदमध्ये नारायण दाहाल नेकपा माओवादी केन्द्र समर्थित हुन्। उनले बराबरी मत हुँदा मात्रै निर्णायक मत दिन पाउँछन् । अर्का मनोनित सांसद बामदेव गौतम कतै खुलेका छैनन्।

जसपा नेपालका सांसदले विपक्षी दलहरूलाई साथ दिए अध्यादेश अस्वीकृत गर्न बामदेवको साथ आवश्यक हुन्छ । जसपा नेपालका सांसदले सत्तापक्षलाई साथ दिए बामदेवको मत विना पनि बहुमत पुग्छ। यसकारण गौतमको मत पनि विपक्षी मोर्चाका लागि महत्वपूर्ण छ। दुई प्रकृतिका विधेयकमाथि निर्णय गर्न २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभाको संयुक्त बैठक बस्न सक्ने छ। ३३४ सदस्यीय संयुक्त बैठकबाट विधेयकमाथि निर्णय गर्न सक्छ । निर्णय बहुमत वा सर्वसम्मत दुवै तरिकाबाट हुन सक्ने छ।

साईवर अपराधबाट जोगिऔं !!!

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा यी कुराहरु ध्यान दिनुहोस् ।

➤ बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।

➤ अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।

➤ अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।

हवाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद

➤ भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।

आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

बर्दिबास नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

# महिला क्रिकेटमा नेपालको लगातार चौथो हार !

● टक नेपाल

नेपाल महिला टी-२० अन्तरराष्ट्रिय त्रिकोणात्मक सिरिजअन्तर्गत थाइल्याण्डसँग ५ रनले पराजित भएको छ।

मंगलवार टस जितेर पहिले ब्याटिङ गरेको थाइल्याण्डले ६ विकेटको क्षतिमा जम्मा १०६ रन बनाएको थियो। नेपालका लागि मनिषा उपाध्यायले ३ विकेट लिइन्।

रचना चौधरीले १ विकेट लिँदा पूजा महतोले पनि १ विकेट लिइन्।

१०७ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको नेपालले ८ विकेट गुमाएर जम्मा १०१ रनमात्र बनाउन सक्यो।



महिला टी-२० अन्तरराष्ट्रिय सिरिजमा घरेलु टिम नेपाल लगातार चौथो खेलमा पराजित भएको हो।

नेपाल, नेदरल्यान्ड्स र थाइल्याण्डबीच कीर्तिपुरस्थित त्रिवि मैदानमा जारी सिरिजमा नेपालले लगातार चौथो खेल गुमाएको हो।

थाइल्याण्ड भने यसअघि खेलेका तीनवटै खेलमा अपराजित थियो।

पहिलो र तेस्रो खेलमा नेदरल्याण्ड्सलाई हराएको थाइल्याण्डले दोस्रो खेलमा नेपाललाई पराजित गरेको थियो।

0%
ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा

निःशुल्क भाषा कक्षा
Japanese & Korean Language
Study in JAPAN
● Basic Language पढे पुग्ने ।
● 12 Pass गर्न ले Apply गर्न मिल्ने ।
● Academic Gap ले फरक नपर्ने ।
● Working Visa को विशेष तयारी कक्षा ।
Korean Language
● EPS Based Preparation Class
● Skill Test Class
● UBT Based Preparation Class
● Weekly Daily UBT Test
● Special Class and Guarantee Pass
Tokyo/Nagoya/ Osaka/Shizuoka/ Okinawa/Fukuoka/ Nagasaki and others
Mahima Education Consultancy
Bardibas, Mahottari
9866996088, 9811016207

# स्वास्थ्यमन्त्री सिंहद्वारा एचपिभी खोप अभियानको उद्घाटन



● टक नेपाल

मधेश प्रदेशका स्वास्थ्यमन्त्री शत्रुधनप्रसाद सिंहले पाठेघरको मुखको क्यान्सरविरुद्धको (एचपिभी) खोप अभियानको मंगलबार उद्घाटन गर्नुभएको छ।

विश्व क्यान्सर दिवसका अवसरमा यहाँ आयोजित एक समारोहबीच उहाँले अभियानको उद्घाटन गर्नुभएको हो।

जिल्ला जनस्वास्थ्य कार्यालयद्वारा धनुषाका ५६ हजार दुई सय ८२ किशोरीहरुलाई खोप लगाउन थालिएको सो अभियानअन्तर्गत १० देखि १४ वर्षकी किशोरीहरुलाई खोप दिइने छ।

जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख उमेश यादवका अनुसार सो खोप अभियानका लागि जिल्लाका विभिन्न स्थानमा पाँच सय ४२ खोप केन्द्रमा खोप कार्यकर्ता तथा एक हजार ८४ जना स्वयंसेवक परिचालन गरिएको छ।

पहिलो चरणमा यही माघ २३ गतेखि २८ गतेसम्म तथा दोस्रो चरणअन्तर्गत आगामी फागुन १ गतेदेखि फागुन छ गतेसम्म खोप अभियान सञ्चालन हुने कार्यालयले जनाएको छ।

प्राप्त तथ्याङ्कअनुसार विश्वको एक सय ४७ वटा मुलुकका साथै नेपालमा पनि यो खोप सुरु भएको बताइएको छ।

सो अवसरमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सिंहले जनताको स्वास्थ्य एवं सुरक्षाका लागि मधेश प्रदेश सरकार सक्रिय रहने प्रतिबद्धता जनाउँदै पाठेघरको क्यान्सरबाट सुरक्षित राख्न एचपिभी खोप अभियानलाई सफल बनाउनुपर्ने बताउनुभयो।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जिल्लामा यो खोप कार्यक्रम सफल बनाउन सबै स्थानीय तहलाई लिखित जानकारी गरएको बताउँदै क्यान्सर रोग नसर्ने भए पनि यसबाट सतर्क रहन आग्रह गर्नुभयो।

# महोत्तरीमा पोखरीमा डुबेर तीन वर्षीय बालकको मृत्यु



● टक नेपाल

महोत्तरीमा पोखरीमा डुबेर तीन वर्षीय बालकको मृत्यु भएको छ।

पिपरा गाउँपालिका-६ रतौल बस्ने राजु साह सोनारका तीन वर्षीय छोरा आशिकको घर नजिकैको पोखरीमा सोमबार दिउँसो डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ। पानीमा डुबेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

घटनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# सर्लाहीमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु

● टक नेपाल

सर्लाहीमा ट्र्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

प्रदेश २-०३-००१ त ३०७१ नम्बरको ट्र्याक्टर अनियन्त्रित भइ धनकौल-२ स्थित पोखरीमा खस्दा अन्दाजी २६ वर्षीय चालकको मृत्यु भएको ईलाका प्रहरी कार्यालय बरहथवाले जानकारी दिएको छ।



मृतक चालक भारतीय नागरिक रहेको प्रहरीको आशङ्का छ। ट्र्याक्टरधनी बलरा नगरपालिकाको अर्नाहका रहेको बुझिएको र ट्र्याक्टरधनी सम्पर्कविहीन रहेकाले मृतक चालकको सनाखत हुन सकेको छैन्।

प्रहरीले मृतक चालकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाएको छ।

घटनाको सम्बन्धमा अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# सिरहामा बलात्कार आरोपी १४ वर्षका लागि जेल चलान



● टक नेपाल

बलात्कार मुद्दामा अदालतबाट दोषी ठहर भएर १४ वर्ष सजाय तोकिएका एक फरार अभियुक्त पक्राउ परेका छन्।

पक्राउ पर्नेमा लहान नगरपालिका-२४ का ४५ वर्षीय भोगिन्द पासवान रहेका छन्। सिरहा प्रहरीका प्रवक्ता डीएसपी विरेन्द्रकुमार पासवानका अनुसार, फरार रहेका उनलाई आइतबार दिउँसो ३ बजे इलाका प्रहरी कार्यालय लहानको टोलीले पक्राउ गरेको हो।

सोमबार सिरहा जिल्ला अदालतमा पेश गरिएका अभियुक्त पासवानलाई अदालतको आदेशअनुसार कैद भुक्तानका लागि सिरहा कारागार पठाइएको डीएसपी पासवानले जानकारी दिए।

उच्च अदालत जनकपुर, राजविराज इजलासले ९ फागुन २०८० मा उनलाई १४ वर्ष कैद तथा २५ हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको थियो।

# १२ वर्षदेखि साउदी अरबमा कार्यरत धनुषाका युवकको मृत्यु

● टक नेपाल

साउदी अरबको जेद्दा सहरमा कार्यरत एक नेपाली श्रमिकको मृत्यु भएको छ।

जेद्दास्थित गान्दुर फुड फ्याक्ट्रीमा कार्यरत धनुषा हंसपुर नगरपालिका-३, कुम्भरा टोलका ३६ वर्षीय सुनीलकुमार कामतको मृत्यु भएको हो।

उक्त फ्याक्ट्रीमा रात्रिकालीन डिउटीमा कार्यरत कामत कार्यस्थलमै २८ जनवरीमा अचानक भुइँमा लडेका थिए।

उपचारका लागि न्यू अल जेदानी अस्पताल पुर्‍याइको र चिकित्सकले कामतलाई मस्तिष्कघात भएको बताएका थिए। कोमामा रहेका उनको उपचारको क्रममा सोमबार मृत्यु भएको हो।



उनी तीन वर्षदेखि उक्त कम्पनीमा कार्यरत थिए।

१२ वर्षदेखि साउदी अरबमा कार्यरत थिए कामतको शव शव नेपाल पठाउने

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सैं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ Endosocopy/Diode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com